**February 18, 2026**

**यो आकाशवाणी हो।**

**सुरुमा प्रमुख समाचार**

१. भारत ए.आई इम्प्याक्ट शिखर सम्मेलनको अवसरमा प्रधानमन्त्री द्वारा विश्व नेताहरूसँग द्विपक्षीय बैठक

२. फ्रान्सका राष्ट्रपति र केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रीद्वारा इन्डो-फ्रान्सेली क्याम्पसको उद्घाटन

३. महाराष्ट्र सरकारद्वारा मुस्लिम समुदायका सदस्यहरूलाई रोजगारी र शिक्षामा पाँच प्रतिशत आरक्षण रद्द

**PM- Ai Summit**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा भारत ए.आई इम्प्याक्ट शिखर सम्मेलनको अवसरमा विश्व नेताहरूसँग द्विपक्षीय बैठकहरूको श्रृंखलाबद्ध कार्यक्रम आयोजना गर्नुभयो। प्रधानमन्त्रीले आज बिहान हैदराबाद हाउसमा स्पेनका राष्ट्रपति पेड्रो सान्चेजसँग भेटवार्ता गर्नुभयो। दुवै नेताहरूले भारत-स्पेन साझेदारीलाई गहिरो बनाउने उद्देश्यले विस्तृत मुद्दाहरूमा छलफल गर्नुभयो। विदेश मन्त्रालयले एक विज्ञप्तिमा जनाए अनुसार छलफल गरिएका प्रमुख क्षेत्रहरूमा- व्यापार र अर्थतन्त्र, डिजिटल, नवप्रवर्तन, स्वास्थ्य, जलवायु कार्य र शिक्षा समावेश छन्। प्रधानमन्त्रीले बलियो भारत-ईयू सम्बन्धको लागि स्पेनको निरन्तर समर्थनको प्रशंसा गर्नुभयो।

प्रधानमन्त्रीले फिनल्याण्डका प्रधानमन्त्री एन्टी पेटेरी ओर्पोसँग पनि वार्ता गर्नुभयो। दुई नेताहरुले दिगोपन र डिजिटलाइजेसन, ए.आई अनुसन्धान र नैतिक नवप्रवर्तनमा सहयोग र भारतीय प्रतिभाले द्विपक्षीय सहकार्यलाई कसरी बलियो बनाउन सक्छ भनेर छलफल गर्नुभयो।
यसैगरि, प्रधानमन्त्रीले सर्बियाका राष्ट्रपति, क्रोएसियाका प्रधानमन्त्री र एस्टोनियाका राष्ट्रपतिसँग पनि वार्ता गर्नुभयो। उहाँले भुटानका प्रधानमन्त्री दाशो छिरिङ तोब्गे र काजाकिस्तानका प्रधानमन्त्रीसँग भेटवार्ता गर्ने पनि कार्यक्रम छ।
आज बिहान, उहाँले गुगलका सी.ई.ओ सुन्दर पिचाईसँग भेट्नुभयो। ।

**Vaishnav**

केन्द्रीय इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले आज भारतको उत्पादन इन्जिनियरिङ प्रविधिको लागि कृत्रिम बुद्धिमत्ता प्राथमिकताहरूको रूपरेखा प्रस्तुत गर्नुभयो। उहाँले नयाँ दिल्लीमा आयोजित इन्डिया एआई इम्प्याक्ट समिट दुई हजार छब्बीस-को क्रममा उद्योगका नेताहरू, विश्वव्यापी शिक्षाविद्हरू, नीति निर्माताहरू र प्रविधि विज्ञहरूको रणनीतिक सम्मेलनको अध्यक्षता गर्दै विकसित राष्ट्र बन्ने दिशामा भारतको यात्रामा कृत्रिम बुद्धिमत्ता एक आधारभूत स्तम्भ हो भन्नुभयो।

श्री वैष्णवले सरकारको ध्यान भविष्यको लागि भारतको कार्यबल तयार गर्दै उद्यमहरू र एम.एस.एम.ई.हरूलाई समान रूपमा सशक्त बनाउने समावेशी एआई इकोसिस्टम निर्माणमा रहेको कुरामा प्रकाश पार्नुभयो। मन्त्रीले 'उत्पादन, इन्जिनियरिङ प्रविधिको लागि एआई ' मा श्वेतपत्र अवधारणा पनि सार्वजनिक गर्नुभयो।

श्री वैष्णवले हिजो भारत मण्डपममा वेभ्स क्रिएटर्स कर्नरको उद्घाटन गर्नुभयो। उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्रीले वेभ्स क्रिएटर्स कर्नरले वेभएक्स, वेभ्स बजार र क्रिएट इन इन्डिया च्यालेन्ज लगायत मन्त्रालयका प्रमुख पहलहरूको रणनीतिक विस्तारको रूपमा काम गर्ने कुरामा जोड दिनुभयो।  उहाँ वेभ्समा एकाउन्न मिडिया प्राविधिक स्टार्ट-अपहरू र चुनौती विजेताहरूसँग संलग्न हुनुभयो।

इन्डिया एआई र इन्टेल इन्डियाले एआई जिम्मेवारी अभियानमा, चौबिस घण्टा भित्र सबैभन्दा धेरै प्रतिज्ञाहरूको श्रेणी अन्तर्गत नयाँ विश्व रेकर्ड बनाएको छ। अभियान अन्तर्गत दुई लाख पचास हजार भन्दा बढी विद्यार्थीहरूले प्रतिज्ञा लिएका छन्। केन्द्रीय इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले यस उपलब्धिले प्रधानमन्त्री नरेन्द्र मोदीको दृष्टिकोणलाई प्रतिबिम्बित गर्ने बताउनुभएको छ। मन्त्रीले यस उपलब्धिको लागि सम्पूर्ण टोलीलाई बधाई र धन्यवाद पनि दिनुभयो।

**MACRON NADDA AIIMS**

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोन र केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले आज नयाँ दिल्लीस्थित एम्समा, विश्वव्यापी स्वास्थ्यमा ए.आई. का लागि इन्डो-फ्रान्सेली क्याम्पसको उद्घाटन गर्नुभयो। विश्वव्यापी स्वास्थ्यमा इन्डो-फ्रान्सेली क्याम्पसले एआई-संचालित स्वास्थ्य सेवा समाधानहरूमा अनुसन्धान, नवीनता र क्षमता निर्माणलाई अगाडि बढाउने, शैक्षिक उत्कृष्टता र अन्तर्राष्ट्रिय साझेदारीलाई बढावा दिने लक्ष्य राखेको छ।

**India AI Impact Expo extend**

सरकारले इन्डिया ए.आई इम्प्याक्ट एक्स्पोलाई यस महिनाको एक्काइस तारिखसम्म बढाएको छ। प्रदर्शक, नवप्रवर्तक र आगन्तुकहरूबाट प्राप्त अत्यधिक प्रतिक्रियाका कारण यो कदम चालिएको हो। एक्स्पो राती आठ बजेसम्म खुला रहनेछ। एक्स्पो सर्वसाधारणका लागि बन्द रहनेछ र आमन्त्रित पाहुनाहरूका लागि मात्र खुला रहनेछ।

**Prez-Navy**

सशस्त्र बलकी सर्वोच्च कमाण्डर राष्ट्रपति द्रौपदी मुर्मुले आज विशाखापट्टनमको तटमा अन्तर्राष्ट्रिय बेडा समीक्षा दुई हजार छब्बीस-को समीक्षा गर्नुभयो। यस  समीक्षाले भारतको बढ्दो समुद्री क्षमता र विश्वव्यापी नौसेना सहयोगप्रतिको प्रतिबद्धतालाई जोड दिएको छ। उहाँले राष्ट्रपतिको नौका, आईएनएस सुमेधामा चढेर, तटरेखामा लंगारिएका एकत्तर भारतीय र विदेशी जहाजहरूको एक विशाल संयोजनको निरीक्षण गर्नुभयो। बेडामा पैंतालिस वटा भारतीय नौसेना जहाजहरू, उन्नाइस वटा भ्रमण गर्ने युद्धपोत, र तटरक्षक, व्यापारी नौसेना र अनुसन्धान संस्थाहरूको प्रतिनिधित्व गर्ने अन्य जहाजहरू थिए। राष्ट्रपतिले भेलालाई सम्बोधन गर्दै, स्थिर समुद्री व्यवस्था सुनिश्चित गर्न राष्ट्रहरू बीच एकता, विश्वास र सामूहिक जिम्मेवारीको महत्त्वमा जोड दिनुभयो।

**Prahlad Joshi-offshore wind**

नयाँ तथा नवीकरणीय ऊर्जा मन्त्री प्रल्हाद जोशीले अपतटीय वायु देशको स्वच्छ, भरपर्दो र आत्मनिर्भर ऊर्जा र भविष्यको बलियो स्तम्भ बन्न सक्छ भन्नुभयो। उहाँ आज नयाँ दिल्लीमा भारत-बेलायत अपतटीय वायु कार्यदलको सुरुवातमा बोल्दै हुनुहुन्थ्यो। उहाँले विश्वसनीयता र ग्रिड स्थिरता, औद्योगिक गहिराइ र ऊर्जा सुरक्षालाई सुदृढ पार्न अपतटीय वायुको रणनीतिक भूमिका छ भन्नुभयो। मन्त्रीले गुजरात र तमिलनाडु प्रत्येकको लागि पाँच गिगावाटको प्रारम्भिक दस गिगावाट अपतटीय निकासी क्षमताको प्रसारण योजना पूरा भएको प्रकाश पार्नुभयो। उहाँले भारतले गत वर्ष गैर-जीवाश्म स्रोतहरूबाट आफ्नो संचित स्थापित बिजुली क्षमताको पचास प्रतिशत हासिल गरेको पनि जोड दिनुभयो।

**Maharashtra-Muslim reservation**

महाराष्ट्र सरकारले मुस्लिम समुदायका सदस्यहरूलाई रोजगारी र शिक्षामा पाँच प्रतिशत आरक्षण रद्द गरेको छ। पाँच प्रतिशत आरक्षण प्रदान गर्ने अघिल्लो अध्यादेशको म्याद सकिएको र अदालतले निर्णयमा अन्तरिम रोक लगाएकोले हिजो एक सरकारी निर्णय जारी गरिएको थियो। अघिल्लो

कांग्रेस-एनसीपी सरकारले मराठाहरूलाई सोह्र प्रतिशत र मुस्लिमहरूलाई पाँच प्रतिशत कोटा दिने अध्यादेश जारी गरेको थियो। नयाँ संकल्प अनुसार, विशेष पिछडिएको वर्ग (क) अन्तर्गत समावेश गरिएका सामाजिक र शैक्षिक रूपमा पिछडिएका मुस्लिम समूहका लागि सरकारी र अर्ध-सरकारी जागिरहरू, साथै शैक्षिक संस्थाहरूमा पाँच प्रतिशत आरक्षणसँग सम्बन्धित सबै अघिल्ला निर्णयहरू र अध्यादेश रद्द गरिएको छ।

**EC-RS election**

निर्वाचन आयोगले आज दस राज्यमा राज्यसभाको सैंतीस सिटका लागि चुनावको घोषणा गरेको छ। निर्वाचनको लागि अधिसूचना यसै महिनाको छब्बीस तारिखमा जारी गरिनेछ र पाँच मार्चसम्म मनोनयन दर्ता गर्न सकिनेछ। मतदान सोह्र मार्चमा हुनेछ। केन्द्रीय मन्त्री रामनाथ ठाकुर, राज्यसभा उपसभापति हरिवंश, एन.सी.पी-एस.पी नेता शरद पवार राज्य सभामा आफ्नो कार्यकाल पूरा गर्नेहरूमा पर्छन्।

**अन्त्यमा प्रमुख समाचार पुनः एकपटक**

१. भारत ए.आई इम्प्याक्ट शिखर सम्मेलनको अवसरमा प्रधानमन्त्री द्वारा विश्व नेताहरूसँग द्विपक्षीय बैठक

२. फ्रान्सका राष्ट्रपति र केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रीद्वारा इन्डो-फ्रान्सेली क्याम्पसको उद्घाटन

३. महाराष्ट्र सरकारद्वारा मुस्लिम समुदायका सदस्यहरूलाई रोजगारी र शिक्षामा पाँच प्रतिशत आरक्षण रद्द